नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

पत्र संख्याः-
च.नं.: -

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रूपमा सम्पादित कार्यहरूको सन्दर्भमा गृह मन्त्रालयका अनुसार मिति २०७८ असार १७ देखि १९ गतेसम्म देशभरका विभिन्न सिमा नाकाहरूबाट ८,६१४ नेपाली नागरिकहरू नेपाल प्रवेश गरेका छन् । ती मध्ये १८३ जना विदेशी नागरिक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र अन्य विभिन्न सिमानाकाहरूबाट नेपाल प्रवेश गरेका छन्। हाल देशभर क्वारेन्टिन वेडहरुको संख्या ३,४०० बढी रहेका छन्। यस बीचमा क्वारेन्टिनहरूको गुणस्तर सुनिश्चतता र नियम पालनाका लागि ४७१ क्वारेन्टिन स्थलको अनुगमन गरिएको छ। हाल देशभर अक्सिजन र स्वास्थ्यकर्मीहरूको निगरानी सहितको १७०० वढी आईसोलेसन सेन्टरहरू रहेका छन्। अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन देशभर ८४९ वटा अनुगमन गरिएकोछ।

कोभिड संक्रमितको उपचारार्थ डेडिकेटेड रूपमा देशभर ४५० बढी अस्पतालहरू सञ्चालनमा रहेका छन्। उक्त अस्पतालहरूमा ४३०० बढी एच.डि.यु वेडहरू उपलब्ध रहेका छन। त्यसैगरी संक्रमितहरूको उपचारका लागि देशभर २२०० भन्दा वढी आइसियु वेड र ८०० बढीको संख्यामा भेन्टिलेटरको प्रबन्ध गरिएका छन्। देशभर संक्रमितहरूमध्ये मिति २०७८ असार १९ गतेका दिन ३,३१० जना सामान्य बेडमा, ६८२ आइसियु वेड र २६४ जना भेन्टिलेटरमा उपचाररत रहेका छन्। स्थानीय प्रशासनले हाल सम्म १०,७२७ अक्सिजन सिलिण्डर विभिन्न स्रोतबाट संकलन गरी १०,२०३ अक्सिजन सिलिण्डर विभिन्न अस्पतालहरूलाई वितरण गरेको छ। विगत २ दिनमा २,७८१ सवारी साधनलाई कारवाही गरिएको छ भने मास्क नलगाई हिंडडुल गर्ने १,६५२ जनालाई कारवाही गरिएको छ।

अर्थ मन्त्रालयका अनुसार मिति २०७८ असार १८ र १९ गतेका दिन ५०,७७,६२५ थान विभिन्न मेडिकल उपकरण तथा औषधीहरूमध्ये ३०६ के.जी. कोभिड-१९ टेष्ट किट र ११,६६४ एम. टि. क्यु. अक्सिजन पैठारी भएको छ। परराष्ट्र मन्त्रालयका अनुसार हङकङ्गका मिस्टर सिन होतुङ तथा द हङ्गकङ्ग एक्स-सर्भिसमेनले प्रदान गर्ने ४,१४,२७० थान फेस मास्क, ३०,००० थान फेस मास्क फिल्टर पेपर, ४८ थान ईलेक्ट्रोलाइट डिसईन्फेक्टर जेनेरेटर, ८,००० थान एन्टिजेन टेष्ट किट र ५० थान अक्सिजन कन्सन्ट्रेटर नेपाल ल्याउनका लागि सम्बन्धित निकायसँग अनुरोध गरिएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार उपत्यकामा ५,१९५ सिलिण्डर र उपत्यका बाहिर ६,९८५ सिलिण्डर गरी कुल १२,१८० सिलिण्डर अक्सिजनको उत्पादन भइरहेको छ ।

२०७८ असार २०

(किरणराज शर्मा)
प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np